# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं.:२०७६/७७
च.नं: २२६

मितिः- २०७६/०६/०९

**विषयः- उपभोक्ता समिति गठन गरी वडास्तरीय योजना सम्झौता गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
सत्यवती गाउँपालिका, गुल्मी ।

प्रस्तुत विषयमा यस सत्यवती गाउँपालिकाको आ.व. २०७६/७७ को गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडास्तरीय योजनाहरु कार्यान्वयनका लागि योजनाको उपभोक्ता समिति गठन गर्नुपर्ने भएकोले यहि मिति *२०७६ साल असोज मसान्त* भित्र सबै योजनाहरुको उपभोक्ता समिति गठन गरी योजना सम्झौता गर्ने सम्बन्धमा आवश्यक तयारी गर्नुहुन अनुरोध गरिन्छ ।

उपभोक्ता समिति गठन गर्दा सत्यवती गाउँपालिकाबाट पारित *उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४* बमोजिम तपशील अनुसार गर्नु गराउनुहुन समेत जानकारी गराईन्छ ।

<u>तपशीलः</u>

१. उपभोक्ता समिति गठन गर्दा आयोजनाबाट लाभान्वित हुने क्षेत्रका सबै घरधुरीहरु, स्थानीय संघसंस्था, स्थानीय बुद्धिजिवि, भद्रभलाद्मी, स्थानीय सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधि सहितको अधिकतम सहभागितामा वडाको वडाध्यक्ष वा वडाको सदस्य वा कार्यालयले तोकेको प्रतिनिधिको रोहवरमा गर्ने ।
२. उपभोक्ता समिति गठनको लागि भेला हुने मितिले कम्तिमा ७ दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउने ।
३. उपभोक्ता समितिमा एकै परिवारका १ भन्दा बढी सदस्य रहन नपाउने गरी एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य नहुने गरी समिति गठन गर्ने ।
४. समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला र कूल सदस्यको ३३ प्रतिशत महिला सदस्य हुने गरी अनिवार्यरुपमा ७ देखि ११ जनासम्मको उपभोक्ता समिति गठन गर्ने व्यवस्था गर्ने ।
५. जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक लगायतका सार्वजनिक पदधारण गरेको व्यक्ति उपभोक्ता समितिको सदस्य छनौट नगर्ने ।
६. योजनाको आन्तरिक अनुगमन र सहजीकरणको लागि उपभोक्ताहरु बाटै आन्तरिक अनुगमन र सहजीकरण समिति गठन गर्ने ।
७. उपभोक्ता समितिले योजना सम्झौताका लागि तपशीलका कागजातहरु तयारी गर्न लगाउने ।
   तपशीलः
   - उपभोक्ता समिति गठन गर्ने, बैंक खाता खोल्ने र योजना सम्झौता गर्ने भेलाको निर्णय प्रतिलिपि,
   - समितिका सबै पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि र फोन नं,
   - वडा कार्यालयको सिफारीस,
   - सम्बन्धीत योजनाको प्राविधिक लागत अनुमान विवरण,
   - सम्झौताको लागि निवेदन,
   - समितिको छाप,
   - आयोजनाको कार्यान्वयन कार्यतालिका,
   - अन्य आवश्यक कागजातहरु ।
८. साविक आ.व.कै उपभोक्ता समितिबाट कार्य गर्नुपरेमा आम भेलाबाट अनुमोदन गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np

९. गाउँपालिका स्तरीय आयोजनाको उपभोक्ता समिति गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

१०. उपभोक्ता समिति गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिनेछ ।

११. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्त वा संस्थालाई ठेक्कामा दिई काम गर्न गराउन पाईने छैन ।

१२. उपभोक्ता समितिका सदस्यको योग्यताः- १) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनुपर्नेछ ।

क) सम्बन्धीत आयोजना क्षेत्रको स्थायी बासिन्दा

ख) १८ वर्ष उमेर पूरा भएको

ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको

२०७३।६।१३

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत